bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

वर्ष ४१ अंक २३९ | २०७९ माघ ०५ गते विहीबार, नेपाल सम्वत् ११४३ January 19, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-




दमौलीमा जारी महोत्सवमा जातीय पहिचान झल्कने पोषाकमा सजिएर आएका युवतीहरू ।

# तनहुँ जलविद्युत आयोजना प्रभावित क्षेत्रका बासिन्दा भन्छन् : 'हामी विस्थापित हुने अवस्था भयो'

## विष्फोटक पदार्थ प्रयोग गर्दा करिब दुई दर्जन बढि घर चर्किए

**नारायण खड्का/तनहुँ**

तनहुँको ऋषिङ गाउँपालिका–१ काहुँशिवपुरमा १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा छ । निर्माणपक्षले जलविद्युत आयोजना निर्माण कार्यलाई तीब्रता दिइएको छ। आयोजनास्थलमा खुल्ला रूपमा शक्तिशालि बम विस्फोट गर्दा घरहरू चर्किएको र धुलोधुँवाले आजित बनाएकाले बस्तिनै बिस्थापित हुनुपर्ने खतरा बढेको प्रभावित क्षेत्रका बासिन्दाले बताउन थालेका छन् ।

तनहुँ जलविद्युत आयोजनाको प्याकेज १ अन्तर्गत डाइभर्सन टनेल (पानी फर्काउने सुरूङ) निर्माणको काम भइरहेको छ । उक्त कामका लागि खुल्ला रूपमा शक्तिशाली विस्फोटक पदार्थ प्रयोग गर्दा आसपास क्षेत्रका घरहरू चर्कने, खेतबारी भाँसिने समस्या देखिएको छ ।

गत असोज महिनादेखि आयोजनाको डाइभर्सन टनेल निर्माणका लागि निर्माण पक्षले विस्फोटक पदार्थको प्रयोग गर्दै आएको छ । आयोजना प्रभावित क्षेत्रका करिब दुई दर्जन घरहरू चर्किएपछि स्थानीयवासी विरोधमा समेत उत्रिएका छन् । बिहान दिउँसो बेलुका जुनसुकै समयमापनि बम पड्काउँदा जनजीवन आतङ्कित बनेको छ । यस विषयमा आयोजनालाई पटक-पटक ध्यानाकर्षण गराएपनि कुनै सुनुवाई नभएको प्रभावित क्षेत्रका बासिन्दाको गुनासो छ ।

पहाड फोड्ने क्रममा पड्काइने बमका कारण जनजीवन तथा वातावरणमा पनि धेरै असर परेको ऋषिङ गाउँपालिका–१ छापका रामबहादुर थापा बताउँछन् । २०७२ सालको भुकम्पबाट पनि नभाँसिएको जमिन र नचर्किएका घरहरू अहिले चर्कन थालेको उनले बताए।

'बम बिस्फोट हुँदा आउने कम्पनले जमिन धेरै कमजोर बनिसकेको छ, घरहरू पनि चर्किएर बस्नलाई नै जोखिमयुक्त बन्दै गएका छन्', उनले भने, 'बम बिस्फोटपछि आउने धुलोधुँवाले श्वास फेर्न पनि मुस्किल हुन्छ। बारीको तरकारीपनि धुलम्मे भएका छन्, वातावरण नै प्रदुषण भएको छ । बिकास गर्दा केही बिनास त हुन्छ तर मानवबस्ति नै उजाड्ने गरी गरेको बिकासमा कसरी रमाउने ?'

जलविद्युत आयोजनका कारण बासस्थान नै छाड्नुपर्ने हो कि भन्ने चिन्ताले सताउने गरेको स्थानीय बमबहादुर थापा बताउँछन् । 'हाम्रा खेती गर्ने सबै जमिन कमजोर बनेका छन् । छेउबाट सबै पहिरो गएका छन्', उनले भने, 'कृषिकर्म गरी जीविकोपार्जन गर्दै आएका हामी अब खेतीपाति नै गर्न नपाएपछि भविष्यमा बस्तिनै बदल्न पर्ने हो कि भन्ने चिन्ता बढेको छ ।'

सुरूङ निर्माण कार्यले गाउँमा भएका पानीका मुलहरू पनि सुक्दै गएको उनले बताए । 'कुँवाधारामा पहिलेको जस्तो प्रसस्ता पानी छैन, हाम्रा जमिनहरू पनि सुख्खा बन्दै गएका छन्', उनले भने, 'अहिले जमिन कमजोर र सुख्खा हुँदा पहिलेको जस्तो खेतीपाति पनि हुँदैन।'

तोरी, कोदो, मकै, मास लगायत हरिया तरकारीहरूको राम्रो उत्पादन हुने यस क्षेत्रमा पछिल्लो समय वातावरण प्रदुषण र जमिन सुख्खा हुँदा उत्पादनमा कमि आएको बमबहादुर बताउँछन् । उनले भने, 'खेती गरेर खाने हामीहरूलाई साह्रै गाह्रो भएको छ । यस्तै चल्ने हो भने यो ठाउँ छाडेर जानुबाहेक कुनै विकल्प छैन ।'



हाइड्रोको प्याकेज १ मा विष्फोटक पदार्थ पड्काएपछि ऋषिङ–१ लोक्मामा चर्किएको घर । *तस्विर : नारायण/भञ्ज्याङ*

आवश्यकता अनुसार दिनको ४/५ पटक हाइड्रोमा बम विस्फोट गरिन्छ । विस्फोटका क्रममा आउने आवजले बालबालिका तर्सने र धुलोका कारण स्वास्थ्यमा पनि असर गर्ने ऋषिङ–१ लोक्माकी थानीश्वारा थापाले बताइन् । 'छोरी भर्खर ५ महिनाकी भइन्, उनले भनिन्, 'कहिले त आधिरातमा बम विस्फोट गर्छन् । धुलोको त्यस्तै सास्ती छ। बम पड्काउदा सुतिरहेकी छोरी रून्छे । बम नपड्काइ कामै नहुने हो र ?'

बम विस्पोटका कारण बालबालिका मात्रै नभई ठुलै मान्छे, घरपालुवा जानवार पनि डराउने गरेका छन् । पहाड फोड्नका लागि बम विस्फोट गर्दा यस क्षेत्रका करिव ५५ घरहरू प्रभावित बनेका छन् । यसमध्येपनि २२ घरलाई बढि नै क्षति पुगेको स्थानीयहरू बताउँछन् । ऋषिङ–१ भित्रका लोक्मा, धारापानी, छाप, हुक्सेटार, ग्याजाटार, मालिङ्गा लगायतका गाउँ बम विस्फोटबाट प्रभावित बनेका छन् । बम विस्फोटका क्रममा निस्कने धुवाधुलोका कारण दमौली, चापाघाट, जामुने लगायतका क्षेत्रका वातावरणमा समेत असर पुऱ्याएको छ ।

यस्तै, तनहुँ जनलविद्युत आयोजना निर्माण अघि तोकिएको मापदण्डमा प्रभावित क्षेत्रमा आफुहरू नपरेको तर निर्माणका क्रममा भएका बम विस्फोट र आउने धुलोका कारण प्रभावित बन्न पुगेको ऋषिङ–१ लोक्माका दानबहादुर थापा बताउँछन् । 'हामी करिव डेढ वर्षदेखि प्रभावित छौं', उनले भने, 'बम विस्फोटका कारण घरहरू चर्किएर बस्नका लागि जोखिमयुक्त बन्दै गएका छन् । पटकपटक आयोजनाको कार्यालयमा डेलिगेशन जाँदासमेत हाम्रो समस्यको सुनुवाई भएको छैन।'

चर्किएका घरहरूमा हाइड्रोका प्राविधिकहरूले पुटिङ लगाइदिएको थापाले बताए । 'बम विस्फोटका कारण घरमा क्षति पुगिसक्यो, उनीहरू भने पुटिङ लगाएपछि पुनः चर्कियो भने हामी क्षतिपुर्ति दिन्छौं भनेका छन्', उनले भने, 'हाम्रा गाईबस्तु चराउने जंगल पनि मासियो, हामीसंग कुनै समन्वय भएन र क्षतिपुर्ति पनि दिइएन । प्रभावित क्षेत्रका युवाहरूलाई रोजगारी उपलब्ध गराउने भनिएको थियो त्यो पनि हामीले पाउन सकेनौं।'

बम विस्फोटका कारण ऋषिङ–१ का केही गाउँहरू प्रभावित भएको वडाध्यक्ष कुशबहादुर थापाले बताए। 'केही घरहरू चर्किएका छन्। जनप्रतिनिधि र हाइड्रोका प्राविधिक संयुक्त रूपमा घरघर गएर सर्भे पनि गर्दै छौं', उनले भने, 'वातावरण प्रदुषण न्युनिकरणका लागि हाइड्रोलाई पानीको फ्लो बढाएर काम गर्न अनुरोध गरेका छौं ।'

लोक्मा, हुक्सेटार, मालिङ्गा लगायतका क्षेत्रका घरहरूको

बाँकी अन्तिम पेजमा

# बुद्धसिंह मोटर मार्ग र घुमाउने पुलको सन्दर्भमा पूर्णरूपमा सकरात्मक छु : मुख्यमन्त्री अधिकारी

**भञ्ज्याङ समाचारदाता/दमौली**

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले बुद्धसिंह मोटर मार्ग र घुमाउने घाटको निर्माणाधिन पुलको सन्दर्भमा आफू पूर्णरूपमा सकरात्मक रहेको बताएका छन् । तनहुँको दमौलीमा बुधबार पाँचौ आदिवासी जनजाति तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सव २०७९ को समापन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

पृथ्वीराजमार्गको वैकल्पिक मोटर मार्गको रूपमा रहेपनि लामो समयसम्म सडकको स्तरोन्नती हुन नसकेको र घुमाउने घाटमा निर्माणाधिन अवस्थामा रहेको पक्कि मोटरेवल पुल पनि अलपत्र अवस्थामा रहेको हुँदा प्रदेश सरकारले सडकको स्तरोन्नती र पुल निर्माणमा पहल गर्ने मुख्यमन्त्री अधिकारीले प्रतिवद्धता जनाएका छन्।

महोत्सव समापन समारोहमा बोल्दै मुख्यमन्त्री अधिकारीले तनहुँका आदिवासी जनजातिहरूले निर्माण गर्ने तयारी गरेको आदिवासी जनजाति साँस्कृतिक संग्राहलयका लागि प्रदेश सरकारको तर्फबाट गच्छेअनुसारको सहयोग र साथ दिने प्रतिवद्धता जनाएका छन् ।



यस्तै, नेकपा (एमाले) व्यास नगर कमिटीले बुधबार दमौलीमा आयोजना गरेको सम्मान कार्यक्रममा मुख्यमन्त्री अधिकारीले धेरै कुरा गर्ने तर काम नगर्ने प्रवृत्ति हाबी भएको भन्दै आफूहरू काममा केन्द्रित हुने बताएका छन् । 'विकास नहुनुको मुख्य जड कुरा बढी गर्ने प्रवृत्ति रहेको छ', उनले भने, 'अहिलेको सरकारले कामबाटै जनताको विश्वासलाई पूरा गरेर देखाउनेछ । जनताले कुरा गर्ने नेतालाई पत्याउन छाडेका छन् ।'

गण्डकी प्रदेश सरकारले केही दिनमै पूर्णता पाउने भन्दै मुख्यमन्त्री अधिकारीले सानो आकारको मन्त्रिमण्डल बनाइने प्रष्ट पारेका छन् । उनले भने, 'ठूलो आकारको सरकार बनाउने पक्षमा हामी छैनौं, सानो र चुस्त आकारको मन्त्रिमण्डल बनाउँछौं ।'

नेकपा (एमाले) स्थायी कमिटी सदस्य समेत रहेका अधिकारीले चौतर्फी घेराबन्दी हुँदा पनि पार्टीले सफलता हासिल गरेको बताए । विकास निर्माणमा सरकारको स्रोतसाधनले भ्याएसम्मका काम गर्ने बताउँदै

बाँकी अन्तिम पेजमा

# भानुको वडा-वडामा सार्वजनिक सुनुवाई

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिकाले वडा–वडामा सार्वजानिक सुनुवाई कार्यक्रम गरेको छ । यसै क्रममा बुधबार वडा नं. १ मा सार्वजानिक सुनुवाई गरिएको छ । चालू आव २०७९/०८० को प्रथम चौमासिक गर्नुपर्ने सुधारका सम्बन्धमा सरोकारवालाहरूको सुझाव लिने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताए ।

वडा नं. १ की अध्यक्ष कान्छीमाँया तामाङले नगरपालिकाले



प्रगति समीक्षा, हालसम्म भए गरेका काम कारवाहीहरू, समस्याहरू, भावि योजनाहरूका बारेमा जानकारी गराउने र सेवा प्रवाहको गुणस्तर र यसको प्रभावकारिता, जनताको सन्तुष्टि तथा आगामी दिनमा गरेका गतिविधिहरूका बारेमा प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा स्थानीयले कृषि उत्पादन बढाउन नमुना कार्यक्रम गर्नुपर्ने, सिंचाईको ब्यवस्थापनमा

बाँकी अन्तिम पेजमा

# सम्पादकीय .........

www.bhanjyangnews.com

## अलपत्र खानेपानी आयोजना

सुखाग्रस्त क्षेत्रका रूपमा लिएको तनहुँको भानु नगरपालिका वडा नं. १३ मिर्लुङ र सतिस्वाँरा लगायतका गाउँबस्तिमा खानेपानीको सहज आपूर्ति गर्ने लक्ष्यका साथ सञ्चालन गरिएको खानेपानी आयोजना अलपत्र बनेको छ । तीन वर्षभित्र आयोजना सम्पन्न गर्नुपर्नेमा सात वर्ष वित्तिसक्दा पनि घरघरका धारामा पानी खस्नुको सट्टा बनाइएका संरचनाहरू समेत भत्कन थालेका छन् । साविक मिर्लुङ्ग र सतिस्वाँरा गाविसको उच्च भागका बसिन्दाले हिउँद लागेसंगै झेल्नुपर्ने पानीको समस्या समाधानका लागि भन्दै आर्थिक वर्ष २०७२/०७३ सालमा विद्युतीय लिफ्ट प्रविधिको खानेपानी आयोजना निर्माण कार्य अगाडि बढाइएको थियो । हाल कायम गरिएको भानु नगरपालिका–१३ र व्यास नगरपालिका–९ का बासिन्दालाई खानेपानीको सहज पहुँच पुर्‍याउने लक्ष्य भएपनि अहिले यो आयोजना अलपत्र अवस्थामा छ । उच्च पाहाडी भू–धरातलका बस्तिमा पानीको स्रोत अभाव हुँदा स्थानीयले आफ्नो दैनिकी खानेपानीको जोहो गर्नमै बिताउनु पर्ने बाध्यता छ । यो बाध्यतालाई अन्त्य गराउने लक्ष्यका साथ मिर्लुङ्ग–सतिस्वाँरा विद्युतीय लिफ्ट खानेपानी आयोजना निर्माण कार्य अगाडि बढाइएको थियो । तर, सहजै खानेपानी उपभोग गर्न पाइन्छ कि भन्ने आशामा बसेका गाउँलेहरू अहिले निराश छन् । तीन वर्षभित्र घरघरमा खानेपानीको धारा आउँछ भनिएपनि सात वर्ष बित्तिसक्दा पनि पानीको समस्या समाधान हुन सकेको छैन । मिर्लुङको बासपानी, टुटेपानी, ठूलोढुङ्गा, पर्यांस्वारा, पोखरीछाप, मियाँगाउँ, समजुर, तारूका लगायतका गाउँमा हिउँद लागेसंगै खानेपानीको अभाव खड्किन्छ । एक गाग्री पानीको जोहो गर्न स्थानीयले घण्टौ समय खर्चनुपर्ने बाध्यता छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सडक लगायतका आधारभूत आवश्यकता सहज नहुँदा बसाईसराइका कारण यी गाउँ उजाडिदै गएका छन् । आयोजना सुरू गर्नु पूर्व स्थानीय उपभोक्तालाई आयोजनाका बारेमा बुझाउन नसक्नु, समयमै आवश्यक बजेट प्राप्त नहुनु, उपभोक्ताको लागत सहभागिता जुट्न नसक्नु, मुहानदेखि पानी संकलनको मुख्य ट्याङ्कीसम्म विस्तार गरिएको पाइपलाइन र ट्याङ्कीमा बाढीपहिरोले पुर्‍याएको क्षतिका कारण आयोजना प्रभावित भएको छ ।

मुहानदेखि मुख्य ट्याङ्कीसम्मको करिब चार किलोमिटर दुरीमा चार स्टेपको लिफ्ट प्रविधिबाट पानी वितरणका लागि पाँच वटा ट्याङ्की निर्माण गरिएको छ। करिब १५० घर धुरीमा धारा समेत जडान गरिएको छ । कृपा कन्स्ट्रक्सन भरतपुर चितवनले आयोजनाको पहिलो चरणको कामको जिम्मा लिएको छ भने दोश्रो चरणको कामको जिम्मा गण्डकी निर्माण सेवा नेपालगञ्ज बाँकेले लिएको छ । यी निर्माण व्यवसायीले तोकिएको समयमै काम सम्पन्न नगर्दा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुँले तेश्रो पटक समय थप गरेपनि आयोजना पुरा हुन सकेको छैन । भानु–१३ स्थित खरस्याङ्ग खोला, सिस्ने मुल र देउराली खोलाको पानी विद्युतीय लिफ्ट प्रविधिबाट करिब ४ किलोमिटरको उचाईमा निर्माण गरिएको मुख्य ट्याङ्कीसम्म पानी पुर्‍याएर वितरण गरिने छ । निर्माण गरिएका ट्याङ्कीमा पानी खसालेर परीक्षण गरिएपनि ट्याङ्कीमा पानी नअडिएपछि कामको गुणस्तरीयतामा पनि प्रश्न उठेको छ । केन्द्रीय सरकारले सुरू गरेको यो आयोजना अहिले प्रदेश सरकार मातहत छ । जटिल प्रकृतिको आयोजना भएको र प्रयाप्त बजेट समेत नआएको हुँदा समय लागि रहेको बताउने गरिएको छ । २ करोड ५७ लाख ९१ हजार रूपैयाँ उपभोक्ताको लागत सहभागिता सहित १२ करोड ८९ लाख ९८ हजार रूपैयाँ आयोजनाको लागत स्टमेट निकालिएको थियो । मिर्लुङकोट, शहीदगाउँ पुलिमराङ्ग लगायतका ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक क्षेत्रले भरिपूर्ण र ग्रामीण पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गएको यस क्षेत्रमा खानेपानीको सहज पहुँच नहुँदा धेरै जसो गाउँ बसाई सराइका कारण उजाडिदै गएका छन् । गाउँघरमा रहेका मानिसहरू पनि हिउँदको समयमा देखिने खानेपानी समस्याको दीर्घकालिन समाधानको खोजीमा बसेका छन् ।


बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.9MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np


### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

# प्रतिपक्षविहीन संसद र मूल्यहीन कांग्रेस



**डा. विक्रम तिमिल्सिना**

**अघिल्लो ओली सरकार हुँदा नेपाली कांग्रेस सैद्धान्तिक हिसाबले त प्रतिपक्षमा थियो तर व्यवहारमा देउवाले संवैधानिकलगायत राज्यका विभिन्न निकायमा भाग खोजे र प्रतिपक्षको मर्ममा प्रहार गरे। अहिले त सरकारलाई विश्वासको मत दिएर देउवाले एककिसिमले प्रतिपक्षताकै हत्या गरिदिए ।**

संसदीय लोकतन्त्रमा प्रतिपक्षको महत्वबारे राजनीतिशास्त्रका विचारक तथा अनुसन्धाताहरूले प्रशस्तै मसी सिध्याएका छन्। ती अध्ययनहरूको मूल मर्म यही छ कि बलियो र प्रभावकारी प्रतिपक्ष विनाको सरकारले जनताको भावना र स्वार्थ हैन सरकारी दल र तिनकै नेताका स्वार्थ र हितलाई प्राथमिकता दिन्छन्। हुन त संसदीय व्यवस्थाका पनि अनेक प्रकृति र प्रकार छन्। जस्तो कि राजतन्त्रसहितको लोकतन्त्र र गणतन्त्र, अनि दुईदलीय र बहुदलीय लोकतान्त्रिक प्रणाली। जतिसुकै फरक प्रकृति र परिवेश भए पनि संसदीय लोकतन्त्रमा प्रतिपक्षको भूमिका भनेको सत्तालाई जिम्मेवार बनाउने नै हो। सत्तापक्ष सरकार चलाउन असफल भए जिम्मेवारी लिन आफू अघि सर्नु प्रतिपक्षको परिभाषित काम हो। सरकार र प्रतिपक्ष जहाँ रहे पनि हरेक जिम्मेवार राजनीतिक दलको मूल जिम्मेवारी देश र जनताको पक्षमा काम गर्नु हो। तर लोकतन्त्रमा सरकार आफैं जिम्मेवार नहुनसक्ने हुनाले उसको कामलाई प्रभावकारी बनाउँदै जनताप्रति जिम्मेवार गराउन बलियो र संगठित प्रतिपक्षको परिकल्पना गरिएको हो। राजनीतिशास्त्रीय मान्यता र संसदीय लोकतन्त्रको प्रतिपक्षसम्बन्धी यिनै सैद्धान्तिक आलोकमा हेर्दा अहिले नेपाली कांग्रेस आफ्नो जिम्मेवारीबाट च्यूत भएको छ। प्रचण्ड सरकारलाई विश्वासको मत दिएर नेपाली कांग्रेसले आफूलाई सत्ताको प्रत्यक्ष सहयोगीको भूमिकामा उभ्याएको छ र प्रमुख प्रतिपक्षको भूमिकाबाट विमुख बनेको छ।





२०४६ को परिवर्तनपछि सबभन्दा बढी सत्तामा पुगेको दल नेपाली कांग्रेस नै हो। उसलाई सत्ताको स्वाद थाहा छ, तर जिम्मेवारी थाहा छैन। ऊ आफूलाई लोकतान्त्रिक दल त भन्छ तर उसले लोकतन्त्रको मूलभूत मान्यताहरूलाई लत्याउँदै आएको छ। सत्तामा त ऊ खासै सफल हुन सकेन, तर प्रतिपक्षमा पनि उसले आफ्नो भूमिका कहिल्यै प्रभावकारी गराउन सकेन। जिन्दगीभर राजनीति गरेका र राजनीतिको केन्द्रमा रहेका कांग्रेस सभापति शेरबहादुर देउवा यस मामलामा अत्यन्तै असफल सावित भएका छन्। दुई महामन्त्रीसहित केही नेता मात्र देउवाको गलत संसदीय अभ्यासको विपक्षमा उभिनुले कांग्रेस कुन दिशामा अघि बढ्न खोज्दैछ भन्ने संकेत गरेको छ।

अघिल्लो ओली सरकारकै पालामा व्यावहारिक रूपमा त देउवाले नेपाली कांग्रेसलाई प्रतिपक्षी बेन्चमै बसेर सत्ताको मतियार बनाइसकेका थिए। अब एक कदम अगाडि बढेर कांग्रेसइतर गठबन्धनकै बहुमत निश्चित भइसकेको अवस्थामा अनावश्यक मत दिएर सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले कांग्रेस प्रभावकारी प्रतिपक्ष हैन कि सत्ताकै मतियार हो भन्ने प्रष्ट सन्देश दिएका छन्। महामन्त्री गगन थापाले सत्ताको स्वाद चाखेर प्रतिपक्ष हुन मिल्दैन त भनेका छन् तर देउवाले कांग्रेसलाई हिंडाउन खोजेको बाटो त्यही हो भन्नेमा कुनै शंका बाँकी रहेन।

यसमा नेपाली कांग्रेस र खासमा देउवाको रणनैतिक स्वार्थ छ, तर त्यो स्वार्थको फोहोरी खेलमा देउवाले नेपाली कांग्रेसले लिई आएको मूल्यमान्यतालाई कसरी तिलाञ्जली दिएका छन् भन्ने बारे यथोचित चर्चा भएको छैन। हेर्दाहेर्दै फुत्केको सत्ता कसरी पुनः हत्याउन सकिन्छ भन्नेमा चिन्तन गर्न व्यस्त कांग्रेसका नेताहरूलाई आफ्नो मूल्यमान्यताको बारेमा सोच्ने फुर्सद नै मिलेको छैन। नेपालका दल र नेता आफ्नो आदर्श र उद्देश्यबाट च्यूत हुने कुरा सामान्य रूपमा लिन हामी पनि अभ्यस्त भइसकेका छौं। यो अभ्यस्तता नेपाली लोकतन्त्रका लागि हानिकारक भएकाले यसको चिरफार आवश्यक भएको छ।

### संसदीय लोकतन्त्रमा प्रतिपक्ष

संसदको बहुमत प्राप्त नगरेको सबभन्दा ठूलो दल या दलहरूको गठबन्धनलाई प्रतिपक्ष भनिन्छ। दुईदलीय प्रणाली अन्तर्गत भने सामान्यतया संसदमा दोस्रो ठूलो दल प्रतिपक्ष हुने गर्दछ। प्रतिपक्षलाई प्रमुख प्रतिपक्ष र आधिकारिक प्रतिपक्ष भन्ने प्रचलन पनि रहेको छ। संसदीय लोकतन्त्रको एउटा महत्वपूर्ण तत्व प्रतिपक्ष हो किनकि लोकतन्त्रकै मर्म र दीर्घायु प्रतिपक्षको भूमिकामा पनि निर्भर गर्दछ। त्यसैले यस व्यवस्थाका लागि प्रतिपक्ष आवश्यक होइन, अपरिहार्य मानिन्छ। विख्यात राजनीतिशास्त्री रोबर्ट ए. डालले त्यसैकारण प्रतिपक्षको अस्तित्वलाई लोकतन्त्रको झन्डै सबभन्दा विशिष्ट विशेषताका रूपमा चित्रित गरेका छन्।

सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध गर्नु, कमजोरी या असफलतामा टेकेर उसलाई प्रतिस्थापन गर्न कोसिस गर्नु प्रतिपक्षको मुख्य काम हो। प्रतिपक्षको मूल धर्म सरकारलाई जनताप्रति जिम्मेवार बनाउने भएकाले उसका हरेक विरोध तर्कसंगत र जनमुखी उद्देश्यले प्रेरित हुन जरूरी छ। प्रतिपक्षले सरकारका कामकारबाहीको विभिन्न तरिकाले छानबिन गर्न सक्छ। उसले संसदमा प्रभावकारी ढङ्गले सरकारका नीति, कार्यक्रम र तिनको कार्यान्वयनबारे प्रश्न सोध्न सक्छ, र विभिन्न संसदीय समितिमा बसेर र ती समितिको नेतृत्व गर्दै सरकारको कामकारबाहीमा गम्भीर प्रश्न उठाउन सक्छ। प्रतिपक्षले संचारमाध्यमको प्रयोगबाट पनि सरकारलाई प्रश्न गर्नुपर्छ, चुनौती दिनुपर्छ। सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी प्रतिपक्षकै हो।

प्रतिपक्षको उद्देश्य भनेको प्रतिपक्षता देखाउनु हो। ऊ मौका आउँदा र आवश्यक हुँदा शक्ति लिन पनि तयार भएर बस्नुपर्छ। त्यसैले प्रतिपक्षलाई 'गभर्मेन्ट इन वेटिङ' पनि भन्ने गरिन्छ। तर प्रतिपक्ष सरकारको अङ्ग हुन मिल्दैन। उसले त सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने हो, सरकारसँगै मिलेर सत्तामा प्रत्यक्ष अप्रत्यक्ष भाग खोज्ने होइन। संविधानप्रति उदार हुनुपर्ने हुनाले संसदीय लोकतन्त्रमा प्रतिपक्षलाई उदार प्रतिपक्ष पनि भन्ने गरिन्छ। त्यही मान्यताले सरकार र प्रतिपक्षलाई एउटा नियमित प्रतिस्पर्धामा बाँधेको हुन्छ र त्यसैको बलमा विधिको शासन चलेको हुन्छ। तर उदार प्रतिपक्षको अर्थ प्रतिपक्ष सरकारप्रति उदार हुनुपर्छ भन्ने होइन। प्रतिपक्ष सरकारप्रति उदार हुनु भनेको त लोकतन्त्रको मृत्रूयु निम्त्याउनु हो।

सरकारको काम शासन गर्ने हो र प्रतिपक्षको काम शासकका कमी–कमजोरीमा प्रश्न उठाउने। त्यसका लागि मूल थलो संसद हो। संसद कति स्वस्थ र प्रभावकारी छ भन्ने कुरा प्रतिपक्ष कति जिम्मेवार र प्रभावकारी छ भन्नेमा निर्भर गर्दछ। त्यसैले त संसद प्रतिपक्षको हो भन्ने गरिन्छ। प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुन्छ। त्यसो भए कसरी प्रतिपक्ष दलको नेता प्रभावकारी हुनसक्छ त ? मूलरूपमा वैकल्पिक नीति निर्माण र कार्यान्वयन गर्ने क्षमता, आफ्नै दल व्यवस्थापन गर्ने खूबी, आकर्षक राजनीतिक व्यक्तित्व र सार्वजनिक संचार कौशल भएको व्यक्ति प्रतिपक्षी नेताको रूपमा सफल हुन सक्दछ।

### देउवा र कांग्रेसले गरेको गल्ती

सरकार निर्माणका लागि संसदको बहुमत सदस्यको समर्थनसहित दाबी प्रस्तुत गर्न राष्ट्रपतिले दिएको समयसीमा सकिन लाग्दासमेत नेपाली कांग्रेससँग कुरा नमिलेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड बालकोट हान्निए र एमाले अध्यक्ष केपी ओलीसँग आफ्नो नेतृत्वमा सरकार निर्माणको लागि सहमति बनाए।

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। ईर्ष्या गर्नेहरूबाट सजग रहनुहोला।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम भने प्रारम्भ गर्न सकिनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला । अधुरा काममा पहिलेकै समस्या दोहोरिन सक्छन्।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
व्यापारमा लाभांश बढ्नाले मन उत्साहित हुनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । स्वास्थ्य भने कमजोर रहनेछ, सावधान रहनुहोला ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ । पछि फाइदा हुने काम प्रारम्भ हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
समयमा होस नपुग्नाले खर्च बढ्नेछ। ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
महत्त्वाकांक्षी कार्य प्रारम्भ हुनेछ। रमाइलो जमघटमा सहभागी हुने अवसर जुट्नेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूबाट सावधान रहनुहोला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला । हल्लाको पछि लाग्दा व्यर्थैमा दु:ख पाइनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ

# 'कालीगण्डकीलाई आफ्नै गतिमा बग्न दिऔं'

**सुशीला रेग्मी/पाल्पा**

कालीगण्डकी नदी ऐतिहासिक धार्मिक तथा पौराणिक एवं पर्यटकीय सभ्यता बोकेको नदी हो । दामोदर कुण्डबाट बहेकी कालीगण्डकी नदीको महत्व र पर्यटन विकासका विषयमा बेला–बेलामा बहस हुने गरेका छन् । नेपालमा कालीगण्डकीको सभ्यता निकै पुरानो मानिन्छ । धार्मिक महत्व बोकेकाले पनि नदीको पानीलाई जोडेर विकासका नाममा एकपक्षीय खेलवाड गर्न नहुने सरोकारवालाको तर्क छ । पाल्पाको राम्दीमा नदी डाइभर्सन र नवलपुरको बुलिङ्टार गाउँपालिकाको खाल्डेमा करिब पाँच सय वाट क्षमताको विद्युत् निकाल्ने योजनाको विरूद्ध प्रभावित क्षेत्रका स्थानीय तथा सरोकारवाला, राजनीतिक दल, सांसद, समाजसेवी, बुद्धिजीवीले त्यसको विरोधमा ऐक्यबद्धता जनाउँदै सो योजना अगाडि बढ्न नदिनेमा जोड दिइएको छ ।

नदीको माथिल्लो भाग (राम्दी क्षेत्र)मा डाइभर्सन गर्ने योजना र तलको भाग (खाल्डे)मा विद्युत् प्राधिकरणले हाईड्याम बनाएर विद्युत् उत्पादन गर्ने कार्यक्रम ल्याएकामा यसले सो ठाउँको आसपास तथा मध्यभागमा बसोबास गर्ने स्थानीयवासीलाई नराम्रो असर पार्ने भएकाले नदीलाई आफ्नै गतिमा बहन दिनुपर्नेमा चासो र चिन्ता व्यक्त गरिएको छ । कालीगण्डकी नदीको आफ्नै धार्मिक महत्व र विशेषता रहेता पनि यस नदी डाइभर्सनका प्रक्रियाले प्रभावित क्षेत्रका बासिन्दामा सधैं पिरोल्ने गरिरहेको हुन्छ। लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको सीमा भएर बहेको कालीगण्डकी नदीको पर्यावरण, धार्मिक अस्तित्व, यसको पर्यटन विकास, सभ्यता जोगाउन सरोकारवालाले माग गरिरहेका छन्। पवित्र धार्मिक ऐतिहासिक तथा पर्यटकीय क्षेत्र केलादीधाममा कालीगण्डकीको संरक्षण र सभ्यता जोगाउँदै पर्यटन प्रवर्द्धनसम्बन्धी लुम्बिनी र गण्डकी प्रदेशका सरोकारवालाबीच भएको बृहत् अन्तर्क्रिया कार्यक्रममा नदीलाई कुनै पनि हालतमा तोडमोड गर्न नहुनेमा जोड दिइएको छ।

गण्डकी प्रदेश सरकारका पूर्वआर्थिक मामिला तथा योजनामन्त्री किरण गुरूङले कालीगण्डकी नदीका कारण धेरै धार्मिक तथा सांस्कृतिक धरोहर बनेको बताउनुभयो। विश्वमा नै छुट्टै पहिचान बनाएको यस नदीको सभ्यता र पर्यावरणलाई जोगाएर संरक्षण गर्नुपर्ने उहाँले बताउनुभएको छ। "यसको महत्व अन्य नदीको तुलनामा बेग्लै छ, यो नदी भनेकै प्रकृति हो, यससँग सम्बन्धित नदीका सबै कुरालाई अध्ययन, अनुसन्धान गर्दै यसको महत्वलाई उजागर गर्नुपर्नेछ", उहाँले भन्नुभयो, "यसको तटीय क्षेत्रमात्र नभई प्रशोधन क्षेत्रका हरेक नागरिक जागरूक हुनु आवश्यक छ, डाइभर्सनको विरूद्धमा लगातार विरोधका कार्यक्रम भइरहेका छन् तर डाइभर्सनको प्रक्रिया रोकिएको छैन ।"

गएको आर्थिक वर्षदेखि नै यसको विस्तृत सम्भाव्यता अध्ययन (डिपिआर)को चरण अगाडि बढेको जानकारी गराउनुहुँदै पूर्वमन्त्री गुरूङले त्यसका लागि केन्द्रीय सरकारले बजेट विनियोजनसमेत गरेको जानकारी गराउनुभएको छ। कालीगण्डकी नदीलाई कुनै पनि हालतमा डाइभर्सन हुन नदिने पक्षमा आफू लागिरहेको बताउनुहुँदै उहाँले प्रभावित क्षेत्रका प्रत्येक घरका नागरिक यसको विरूद्धमा जागरूक भएर लाग्नुपर्ने बताउनुभयो। लुम्बिनी प्रदेशसभा सदस्य राजुप्रसाद श्रेष्ठले कालीगण्डकी नदी डाइभर्सनको पक्षमा प्रभावित क्षेत्रमा कोही पनि नरहेको उल्लेख गर्दै कालीगण्डकी करिडोर र शालिग्राम करिडोर यस नदीसँग जोडिएकाले कालीगण्डकीबैँसीका क्षेत्रलाई समेटेर एउटा रिङरोड बनाइनुपर्ने बताउनुभएको छ ।

उहाँ भन्नुहुन्छ, "यस नदीलाई जोगाउन राम्दीबाट देवघाटसम्म जल यातायात सञ्चालन गर्ने, राम्दीबाट देवघाट क्षेत्रमा पर्ने प्रभावित क्षेत्रका ११ पालिकाको बृहत् छलफल गरेर योजनाबद्ध तरिकाले अगाडि बढ्नुपर्ने, लुम्बिनी प्रदेश सरकारबाट नदी डाइभर्सन हुन नदिन मेरो पूर्ण साथ र सहयोग रहनेछ ।" पाल्पाको राम्दीबाट देवघाटसम्म एक ठाउँमा कालीगण्डकी उत्तर दिशातर्फ बगेकाले यसलाई उत्तरवाहिनी नदी पनि भनिन्छ। यो नदीलाई शालग्रामी नदी, कालीनदी र काली आदिजस्ता नामबाट पनि चिन्ने गरिन्छ । यस नदीको जल स्पर्श गरेमा मात्र पनि मानव शरीर पवित्र हुन्छ भने यहाँ स्नान, दान, तप, तर्पण, श्राद्ध आदि जस्ता कार्य गरेमा असङ्ख्य फल प्राप्ति हुन्छ र अन्तमा मोक्ष प्राप्ति हुन्छ भन्ने मान्यता छ। यस क्षेत्रमा मनाइने विभिन्न पर्व जस्तै वैशाखे संक्रान्ति, जनै पूर्णिमा, श्रावण महिनाको सोमबार, एकादशी तिथि, माघे संक्रान्ति, सूर्यग्रहण तथा चन्द्रग्रहण लागेका समय एवं घरमा जुनसुकै यज्ञ–यज्ञादि गर्दा कालीगण्डकी स्नान गरेर यहाँको जल घरमा लैजाने चलन छ ।



कालीगण्डकी नदीलाई कुनै पनि हालतमा डाइभर्सन गरेर अन्यत्र लैजान दिन नहुने र अहिलेलाई नेपालका तराईका क्षेत्रमा जमिन सिञ्चित गर्ने भनिए पनि पछि भारतमा लैजाने षड्यन्त्र बनाइएको हुनसक्ने भएकाले यहाँको वातावरण नै खलबलिने गरी पानी अन्यत्र लैजान नहुने नेकपा (एमाले) गण्डकी प्रदेशका सचिवालय सदस्य विष्णुभक्त सिग्देल बताउनुहुन्छ ।

"कालीगण्डकी नदी हाम्रो सभ्यता हो, पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुर क्षेत्रका चारै जिल्लाका नागरिक एकीकृत भएर सरकारलाई नदी डाइभर्सन र यसको पर्यावरण खलबल्याउने कार्यविरूद्ध खबरदारी गर्नेछौं, यस अभियानको नेतृत्व गरेर अगाडि बढ्नेछौं", उहाँले भन्नुभयो। कालीगण्डकी मानवको जीवनसँग जोडिएको छ। नदीलाई अन्यत्र लैजाने षड्यन्त्रविरूद्धको खबरदारी गर्दै, यस वरिपरिका सिञ्चित नभएका खुला चौर, जमिनलाई प्रविधिको प्रयोग गरी हराभरा गराउने, पर्यटकीय क्षेत्र विकास गर्नुपर्नेमा प्रभावित क्षेत्रका स्थानीयवासीले सुझाव दिएका छन् । विद्युत् उत्पादनका लागि तटबन्ध गराउँदा नदी आसपासका क्षेत्र जलाशय हुने भएकाले यस क्षेत्रमा बसोबासका लागि जोखिम हुने हुँदा बुलिङ्टारको खाल्डेमा पाँच सय वाट क्षमताको विद्युत् उत्पादन कार्य अगाडि बढाउन नहुनेमा स्थानीयवासीले असन्तुष्टि जनाएको बौदीकाली गाउँपालिका नवलपुरका स्थानीय पत्रकार वीरबहादुर बिसी बताउनुहुन्छ ।

लुम्बिनी र गण्डकी यी दुई प्रदेशबीचको साझा नदी भएकाले एक प्रदेशले अर्को प्रदेशको सहमति र समन्वयबिना नदीलाई तोडमोड गर्ने, जोखिमयुक्त बस्तीको अध्ययन नगरिकन विद्युत् योजना ल्याउँदा स्थानीयवासीमा ठूलो असर पर्ने देखिन्छ। कालीगण्डकी नदीको नाममा व्यक्तिगत स्वार्थ, फाइदा लिने गरी यसमा कसैले राजनीतिक तवरबाट काम गर्न नहुने बौदीकाली गाउँपालिका नवलपुरका अध्यक्ष प्रकाश ओझाले बताउनुभयो । "राज्यले गरेको कालीगण्डकी डाइभर्सन र हाइड्याम्प निर्माणको कुरा यस क्षेत्रका स्थानीयका लागि सान्दर्भिक छैन", उहाँले भन्नुभयो, "बृहत्तर कालीगण्डकी हितका लागि राम्दीबाट देवघाटसम्म जोडिएका क्षेत्रको संरचना बनाएर सबै नागरिक एक भएर लाग्नुपर्नेछ, कालीगण्डकी बैँसीको सभ्यता, अस्तित्व बोकेको यस नदीका नाममा कसैले खेलवाड गर्न पाइने छैन ।"

कालीगण्डकी डाइभर्सन र विद्युत्गृह उत्पादन गर्ने मात्र नभई यसको स्वच्छता, पर्यावरणिय, निर्मलीकरणमा ध्यान दिनुपर्नेछ । ठाउँ–ठाउँमा नदीमा मिसिने खोलानालामा माछा मार्ने निहुँमा विष राख्ने काम भइरहेको छ । यसलाई पनि सचेत नागरिकले रोक्नुपर्ने देखिएको छ। विद्युत् प्राधिकरणले कालीगण्डकी नदीमा ल्याइरहेको विद्युत् उत्पादन कार्यक्रमलाई परिमार्जन गरिनुपर्नेमा सचेत नागरिकले जोड दिएका छन् । एक ठाउँको विकासका लागि अर्को ठाउँमा विनाश गर्ने कार्यले स्थानीय आक्रोशित छन् ।

विभिन्न पौराणिक ग्रन्थहरूमा कालीगण्डकीको महिमाबारेमा गरिएका वर्णन, यसको तटीय इलाका तथा प्रसवण क्षेत्रमा रहेका विभिन्न तीर्थस्थल, ऋृषि महर्षिका आश्रमस्थल, धाम, घाट र मानव बस्तीका कारण यसको सभ्यता वैदिककालसँग जोडिएको मान्न सकिन्छ। कालीगण्डकीको पौराणिक महत्व र यहाँ पाइने शालिग्राम शिलाबाट आकर्षित भई विभिन्न ऋृषिगणले यसको प्रसवण क्षेत्रमा आई योग, तपस्या र साधना गरेका दृष्टान्त भेटिन्छन् । कालीगण्डकीको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, आर्थिक तथा पर्यटकीय दृष्टिले पनि महत्व छ ।

कालीगण्डकी स्वयं राष्ट्रिय गौरवको विषय हो । यसको प्राकृतिक बहाव क्षेत्रलाई डाइभर्ट गरी अन्यत्र रूपान्तरण गर्ने योजना राष्ट्रिय गौरवको योजना हुन सक्दैन भन्नेमा स्थानीय जुर्मुराइरहेका छन् । कालीगण्डकी मानिसको सभ्यता र संस्कृतिसँग जोडिएकाले बेला–बेलामा नदीका विषयमा विभिन्न कार्यक्रम र टीकाटिप्पणी भइरहेका छन् ।

कालीगण्डकी डाइभर्सनलगायत जलविद्युत् तथा सिँचाइको पूर्वाधार निर्माणले नदीको अस्तित्वलाई थप चुनौतीपूर्ण बनाएको छ । पौराणिक र धार्मिक महत्वमात्र होइन कि यसको बहाव क्षेत्रको वरपरका गाउँवासीका लागि यो नदी जीविकोपार्जनको स्रोतसमेत बनेको छ । यही नदीमा माछा मारेर, नदी किनारको बालुवा चाली सुन निकालेर, ढुङ्गा तथा बालुवा बिक्री गरी जीवन निर्वाह गर्ने माझी, बोटेलगायत जाति छन् । जल, जमिन र जङ्गलको अग्राधिकार सम्बन्धित आधार क्षेत्रका बासिन्दाको हुने गर्छ । रासस

# प्रतिपक्षविहीन संसद र ......

एकाएक निर्वाचनपूर्व बनेको गठबन्धन ढल्यो र नयाँ गठबन्धन निर्माण भयो। यस्तो अप्रत्यासित घटनाबाट चकित र दुःखित नेपाली कांग्रेसले अर्को अप्रत्यासित घटनालाई निम्त्यायो। उसले आमअपेक्षा विपरित एमाले–माओवादी–रास्वपा–राप्रपासहितको गठबन्धनले समर्थन गरेको प्रचण्ड सरकारलाई संसदमा विश्वासको मत दियो।

कांग्रेस नेतृत्वमा सरकार बन्न नसक्ने अवस्था र कांग्रेसको मतविना माओवादीको पनि बहुमत नपुग्ने अवस्था भएको भए संविधान रक्षाको लागि सरकार बन्न सहयोग गर्नको लागि कांग्रेसले मत हालिदिएको मान्न सकिन्थ्यो र त्यो अवस्थामा नेपाली कांग्रेसलाई उदार प्रतिपक्षको रूपमा लिन सकिन्थ्यो। तर एमाले, रास्वपा र राप्रपाको समर्थनमा अघि बढेका प्रचण्डलाई सरकार निर्माणको लागि नेपाली कांग्रेसको साथ चाहिएको थिएन। खासमा कांग्रेसको साथ छोडेरै प्रचण्ड ओली निवास पुगेका थिए र ओलीसँग गठबन्धन गरेपछि देउवाको समर्थनको आशा त प्रचण्डले पनि गरेका थिएनन्। स्वार्थका लागि संसदीय मूल्यमान्यतालाई लात मार्न जहिल्यै खप्पिस, संसदीय खेलका माहिर खेलाडी देउवा आफ्नो रणनैतिक हारपछि आफ्नै विरूद्ध बनेको गठबन्धनको समर्थनमा प्रचण्डलाई नै प्रधानमन्त्रीमा सघाउन तयार भए। बहुमत भएको गठबन्धनभन्दा बाहिर मात्र हैन संसदकै ठूलो दलको रूपमा सरकारभन्दा बाहिर रहने अवस्थामा उनको जिम्मेवारी आफ्नो दललाई प्रमुख प्रतिपक्षको रूपमा उभ्याउनुहुन्थ्यो। सरकारलाई गलत गर्नबाट रोक्न र जिम्मेवार बनाउनका लागि भूमिका खेल्नुपर्ने हुन्थ्यो। उनको दलले पछ्याएको सिद्धान्त र नेपालको संविधानको मर्म पनि त्यही थियो।

के देउवाले प्रतिपक्षमा बस्नको लागि प्रचण्ड सरकारलाई मत दिनु आवश्यक थियो? प्रचण्ड सरकारलाई संसदको झन्डै शतप्रतिशत मत पुऱ्याइदिएर अब प्रतिपक्षमै छु भन्ने कांग्रेसलाई (देउवालाई हैन) यसबाट के फाइदा? के कुनै संवैधानिक बाध्यता विना सरकार बनाउन संसदमा मत हालेको दल अर्थपूर्ण प्रतिपक्ष हुन सक्छ? सरकारलाई मत दिनु भनेको सरकार बनाउन सहयोग गर्नु हो। के प्रतिपक्षको भूमिका सरकार बनाउने हो? अहिले कांग्रेसका केही नेताले जिब्रो चपाएर प्रचण्डलाई प्रधानमन्त्रीको रूपमा मत हाल्ने दलको निर्णयको बचाउ गरे पनि कुनै पनि नेताले पत्याउन लायक धारणा व्यक्त गर्न सकेका छैनन्। त्यसको कारण हो देउवा र उनको दलको त्यो कदम संसदीय लोकतन्त्रमा प्रतिपक्षसम्बन्धी सिद्धान्तको ठाडो उल्लङ्घन थियो।

नयाँ परिस्थितिमा देउवा गठबन्धन बाहिर थिए। नेपाली कांग्रेस न सरकारको नेतृत्व लिन सक्ने स्थितिमा थियो, न त सरकारमा सामेल हुनसक्ने परिस्थिति नै थियो। परिस्थितिले नेपाली कांग्रेसलाई प्रतिपक्षमै पुऱ्याइदिएको थियो। तर समयको यो माग र संसदीय लोकतन्त्रको मान्यता स्वीकार्न कांग्रेसलाई गाह्रो परिरहेको थियो। सरकारको नेतृत्व निश्चित देखेरै बूढानीलकण्ठ निवास मर्मतसम्भार गराइराखेका देउवालाई तत्काल घरभाडामा खोज्नुपर्ला भन्ने परिकल्पनै थिएन। नसोचेका कुरा हुन्छन् नै, भएरै पनि छाड्यो। तर देउवा त्यो स्वीकार्न तयार भएनन्। र त संसदीय मूल्यमान्यतालाई लात हानेर कुनै बेला ओली–प्रचण्ड गठबन्धनमा छिर्के लगाउन पाइन्छ भनेर दाउ हेर्न प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिए। अब आफैंले विश्वासको मत दिएको प्रधानमन्त्री र उनको सरकारलाई कसरी अविश्वास गर्ने नेपाली कांग्रेसले ? हामी प्रतिपक्षमै छौं भनेको छ उसले तर प्रतिपक्षको धर्म अब कसरी निभाउँछ? आफैंले बनाएको सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध अब कसरी गर्छ नेपाली कांग्रेसले? अब उसले सरकारलाई जनताप्रति जिम्मेवार बनाउन कस्तो प्रतिपक्षीय भूमिका निर्वाह गर्न सक्छ ?

प्रतिपक्षले सरकारका कामकारबाहीको छानबिन गर्नुपर्दछ। उसले संसदमा प्रश्न सोध्नुपर्छ, संसदीय समितिमा प्रश्न उठाउनुपर्छ, संचारमाध्यममार्फत सरकारलाई प्रश्न गर्न र उसलाई चुनौती दिनुपर्छ। सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी उसकै हो। सरकारलाई अविश्वास गरेर उसले यसो गर्ने हो। तर नेपाली कांग्रेसले त प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिइसकेको छ। अब उसले प्रतिपक्षको भूमिका जिम्मेवारीपूर्वक कसरी पूरा गर्न सक्छ? सक्दैन । प्रतिपक्षको उद्देश्य प्रतिपक्षता देखाउनु हो, विश्वासको मत दिएर सघाउनु होइन। नेपाली कांग्रेसले सघाइसकेको छ। ऊ 'गभर्मेन्ट इन वेटिङ' को रूपमा होइन, 'अपोजिसन विदिन द गभर्मेन्ट'को रूपमा देखापरेको छ। सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने धैर्य उसले देखाउन सकेन। संविधान, देश र जनताप्रति उदार हुनुपर्ने नेपाली कांग्रेस प्रचण्ड सरकारप्रति उदार देखियो। यो लोकतान्त्रिक पद्धतिको लागि गम्भीर क्षय हो।

प्रतिपक्षी बनेर बस्नुपर्ने नेपाली कांग्रेसले सत्ताका लागि मत दिएर संसदलाई अस्वस्थ बनाइदिएको छ भने आफूलाई गैरजिम्मेवार पुष्टि गरेको छ। यसमा मूल रूपमा नेपाली कांग्रेसका सभापति देउवाको भूमिका छ। प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुने हुनाले यो गलत कदमको श्रेय पनि उनैले लिनुपर्छ। अघिल्लो ओली सरकार हुँदा नेपाली कांग्रेस सैद्धान्तिक हिसाबले त प्रतिपक्षमा थियो तर व्यवहारमा देउवाले संवैधानिकलगायत राज्यका विभिन्न निकायमा भाग खोजे र प्रतिपक्षको मर्ममै प्रहार गरे। अहिले त सरकारलाई विश्वासको मत दिएर देउवाले एककिसिमले प्रतिपक्षताकै हत्या गरिदिए।

देउवा जिन्दगीभरि नै लोकतन्त्रका लागि लडेको दाबी गर्छन्। यही व्यवस्थाभित्र पाँच–पाँच पटक प्रधानमन्त्री भइसकेका छन्। उनले अलिकति भए पनि मूल्यको राजनीति गर्नुपर्थ्यो । अलिकति नेपाली कांग्रेसलाई र अलिकति लोकतन्त्रलाई माया गर्न सक्नुपर्थ्यो । उनले प्रतिपक्षमा बसेर अहिले सरकारको रक्षा होइन प्रतिपक्षता निभाउनुपर्थ्यो। उनले सरकार असफल हुँदा र मौका आउँदा लागू गर्न वैकल्पिक नीति निर्माण गर्न समय दिनुपर्थ्यो । न उनले हिजो त्यसो गरे न आज नै। प्रतिपक्ष हुँदा वैकल्पिक र बलियो नीति निर्माण र कार्यान्वयनमा उनी सधैं पछाडि परे। चाहे प्रतिपक्षमा हुँदा होस् या सत्तामा, आफ्नै दल व्यवस्थापन गर्ने खूबी समेत उनमा देखिएन। आफ्नै दल फुटाएको कलंक बरू उनले बोकेका छन्। उनी राजनीतिका चतुर खेलाडीको रूपमा त चिनिए, तर उनले आफ्नो आकर्षक राजनीतिक व्यक्तित्व निर्माण गर्न कहिल्यै सकेनन्।

सातचोटि प्रधानमन्त्री हुने लालसा अझै उनमा देखिन्छ, तर प्रत्येक पटक प्रधानमन्त्री हुँदा के गर्ने भन्ने न कुनै कार्यक्रम उनीसँग देखियो न देशलाई कतै पुऱ्याउँछु भन्ने सपना। प्रतिपक्ष दलको नेता त सरकार भन्दा बढी सुनिनुपर्छ, किनकि ऊ त जनताको 'वाच–डग' हो तर देउवा कहिल्यै त्यसरी मुखरित भएनन्। उनले प्रतिपक्षी दलको नेताको हिसाबले जनताको मुद्दा उठाएको स्मरणीय घटना सायदै होला। न उनीसँग सार्वजनिक संचारको त्यो कौशल देखियो न त जस्तो सकिन्छ त्यस्तै गरी विषय उठानको कोसिस नै उनले गरे। अर्थात् प्रतिपक्षी दलको नेताको रूपमा शेरबहादुर देउवा सधैं असफल रहे र अब सफल हुने कुनै सम्भावना पनि बाँकी राखेनन्। सरकारलाई विश्वासको मत दिएर उनले आफ्नो धरातल स्पष्ट पारी नै सकेका छन्।

**कांग्रेस हिंड्नुपर्ने बाटो**

माथि उल्लेखित तथ्यहरूको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने देउवा प्रभावकारी र सफल प्रतिपक्ष दलको नेता हुन सक्दैनन्। कांग्रेस महामन्त्री गगन थापाले सत्ताको लसपस भएको प्रतिपक्ष हुँदैन भनेका छन्। र यो कुरा थापाले सभापति देउवाले लसपस गरिसकेको सन्दर्भमा भनेका हुन्। संसदीय लोकतान्त्रिक मूल्यमान्यताको हिसाबले देउवा जान नहुने बाटोमा गई नै सके। चुनावपूर्व गठबन्धन गरे, जोगाउन सकेनन्। चुनावपछि प्रतिपक्षमा बस्नुपर्थ्यो, सरकारलाई विश्वासको मत दिए।

वास्तवमा अहिले नेपाली कांग्रेस न सत्तापक्ष हो, न ऊ विशुद्ध प्रतिपक्ष नै हो। यसअघि देउवाले न सरकार राम्रो चलाउन सके, न प्रभावकारी प्रतिपक्षी दलको नेता नै हुनसके। अहिले त उनले प्रतिपक्षी दलको नेता हुँ भन्न पनि नसकिने गरी दोसाँधमा आफूलाई उभ्याएका छन्। अब त देउवा राजनीतिक र नैतिक दृष्टिकोणले नेपाली कांग्रेसको सभापतिमा रहिरहन योग्य पनि छैनन्। नेपाली कांग्रेसलाई बचाउने हो भने अब दललाई नयाँ शिराबाट अघि बढाउन अपरिहार्य भइसकेको छ। आफ्नो स्वार्थभन्दा आफ्नो दललाई माया गर्नेहरूको बहुमत यदि नेपाली कांग्रेस पार्टी पंक्तिमा छ भने अविलम्ब विशेष महाधिवेशन बोलाई नेतृत्व परिवर्तनको दिशामा जानु नै कांग्रेसको दीर्घजीवनको लागि लाभदायक छ। यो नेपाली लोकतन्त्रका लागि पनि आवश्यक कदम भइसकेको छ। तर विगत र वर्तमान हेर्दा नेपाली कांग्रेसको भविष्य निर्णयकर्ताहरूमा यसरी हेर्न सक्ने चेतना पलाइसकेको छ भन्नेमा आशावादी हुने ठाउँ देखिन्न। अनलाइनखबरबाट

**काठमाडौं गंगालाल हस्पिटलका मुटुरोग विशेषज्ञ डा. मिर्लुङ पोलीक्लिनिक दमौलीमा**

**माघ ६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ति लक्षणहरूमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरू थाहा पाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

*१) छातीको बिच भागमा दुख्ने, २) दम बढने, ३) खुट्टाहरू सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औंलाका टुप्पा निलो हुने, ६) औंलाका टुप्पाहरू बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरू दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झडका दिदै अनियन्त्रित रूपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।*

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ ।

**माघ ०७ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउदै हुनुहुन्छ । रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।

२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउदै हुनुहुन्छ रोगसंग सम्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस ।

**रोगका लक्षणहरू :** तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइड भएर गर्भवती भएका महिलाले पनि जाँच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ

३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. रोशन पंगेनी**द्वारा भिडियो एक्सरे सेवा ।

**रोगका लक्षणहरू :** तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइड भएर गर्भवती भएका महिलाले पनि जाँच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस्

**हाम्रा उपलब्ध सेवाहरू :**

१) **डा. सुशिल बिक**द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# जलवायु परिवर्तनको असर : नाङ्गिदै हिमाल, बेमौसमा जंगली फलफूल

**ध्रुवसागर शर्मा**/गलेश्वर

हिमाली तथा उच्च पहाडी क्षेत्रमा जलवायु परिवर्तनको असर देखिन थालेको छ। धवलागिरि, नीलगिरिलगायतका हिमालमा हिउँको मात्रा घट्दै जाँदा सेता हिमाल पहाडजस्ता देखिन थालेका छन् भने जङ्गली फलफूलहरु बेमौसममा नै फल्न र फूल्न थालेका छन् । हिमालमा मात्रै होइन जलवायु परिवर्तनको असर जङ्गलमा समेत देखिन थालेको छ। म्याग्दीका लेकाली क्षेत्रमा चैत वैशाखमा फुल्नुपर्ने लालीगुराँस माघमा फुल्न थालेका छन् भने चुत्रो, काफल, तिजुजस्ता फलफूल फल्न थालेका धवलागिरि गाउँपालिका–१ गुर्जाका जसवीर विकले बताउनुभयो ।

म्याग्दीको मुदीमा रहेको संसारको सातौं अग्लो धौलागिरि हिमालमा हिउँको मात्रा घट्दै गएको छ। आठ हजार एक सय ६७ मिटर अग्लो धौलागिरि हिमाल पहिले बाह्रै महिना पूरै हिउँले ढाकिने गरेको भए पनि विगत केही वर्षयता हिमालको तल्लो भाग हिउँविहीन देखिने गरेको मुदीका टेकबहादुर तिलिजाले जानकारी दिनुभयो । 'पहिले धौलागिरि हिमशृंखला पूरै हिउँले ढाकिएको हुन्थ्यो, पछिल्ला केही वर्षयता हिमालको तल्लो भाग काला पहाडजस्ता देखिन थालेको छ, जाडो याममा समेत हिमाल नाङ्गिएको देखिन्छ', तिलिजाले भन्नुभयो ।

तिलिजाले अस्वाभाविकरूपमा तापक्रम बढ्ने भएका कारण हिउँ पग्लिने क्रम बढेको अनुभव सुनाउनुभयो। स्थानीयवासीका अनुसार पछिल्लो समय जाडो समयमा समेत पर्याप्त हिउँ नपर्ने समस्या देखिएको छ । पहिले पुस महिनामा भारी हिमपात हुने भए पनि पछिल्लो समय फागुनतिर हिउँ पर्न थालेको छ । हिउँ पर्याप्त नपर्ने र हिमालमा भएको हिउँसमेत पग्लिएर जाँदा हिमालमा हिउँले ढाकिएका भू–भाग काला पहाडमा परिणत हुने खतरा बढेको पर्यटन व्यवसायी एक्कल रावलले बताउनुभयो।

धवलागिरि हिमालको आधार शिविर जाने पदमार्गअन्तर्गत जापानी आधार शिविरदेखि नै सुरू हुने वर्षौंदेखि हिउँ जमेर बनेको हिमतालसमेत बर्सेनि पग्लिएर जानेक्रम बढेसँगै यस्ता तालको सतहसमेत घट्दै गएको पाइएको छ । विगत छ/सात वर्षकै अवधिमा त्यस क्षेत्रमा हिउँ जमेर बनेको हिमताल अत्यधिक पग्लिएर बग्नेक्रमले करिब पाँच मिटरभन्दा बढी जमिनको सतह तल झरेको पाइएको पर्यटन व्यवसायी रावलले जानकारी दिनुभयो ।

रावलका अनुसार पहिले जापानी शिविरदेखि केही तलको भूभागमा पनि प्रशस्तमात्रामा वर्षौंदेखि हिउँ जमेर बनेको हिमताल रहे पनि अहिले ती सबै पग्लिसकेका छन् । धवलागिरि मात्रै होइन जिल्लाको गुर्जामा रहेको गुर्जा, चुरेन र पुथा हिमालमा समेत बर्सेनि हिउँको मात्रा घट्दै गएको स्थानीयवासी बताउँछन्। याममा समेत कममात्रै हिमपात हुने र तापक्रम वृद्धिले हिउँ पग्लिएर बग्ने क्रमले हिमाल हिउँविहीन देखिन थालेको धवलागिरि गाउँपालिका–१ गुर्जाका वडाअध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो । हिमालमा हिउँको मात्रा घट्दै गएपछि अहिले हिमालको तल्लो भाग पूरै काला पहाडजस्तो देखिन थालेको छन्त्यालको भनाइ छ ।

हिउँ पर्नेक्रम घट्दै गएपछि हिमाली खेतीबाली उत्पादनमा कमी आउनाका साथै हिमालको फेदीमा पाइने यार्सागुम्बासमेत पाइन छाडेको छन्त्यालले बताउनुभयो । तापक्रम वृद्धि र जलवायु परिवर्तनको असर हिउँ पग्लिनेमा मात्रै नदेखिएर हिमाली क्षेत्रको खेतीबालीमा पनि देखिएको छ । पहिले खेतीबालीमा खासै समस्या नदेखिने गरे पनि पछिल्लो समय विभिन्न प्रजातिका किराको संक्रमणले आलु, जौलगायतका खाद्यबाली उत्पादनमा कमी आउन थालेको छ । जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा देखिन थालेपछि त्यस क्षेत्रका स्थानीयवासी चिन्तित बनेका छन् । जलवायु परिवर्तनले पछिल्लो समय हिमाली क्षेत्रमा ठूलै समस्या देखाएको वातावरण संरक्षणकर्मी एवं वन र वातावरणका जानकार वन डिभिजन कार्यालय म्याग्दीका चन्द्रमणि सापकोटाले बताउनुभयो । रासस

## तनहुँ जलविद्युत आयोजना प्रभावित .........

परीक्षण गरिसकिएको उनले बताए। उनले भने, 'करिव ४ वटा घरलाई क्षतिपुर्ति दिने कुरा पनि भइसकेको छ ।'

ड्याम साइटमा विस्फोटक पदार्थ प्रगोग गर्दा आसपासका घरहरूमा क्षति पुग्न गएको गुनासो आएपछि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित आयोजना र प्राविधिक टोलीहरूको उपसमिति बनाएर छानबिन प्रक्रिया अगाडि बढाइएको प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले बताए । उक्त उपसमितिबाट अन्तिम रिपोर्ट नआएकोले बम बिस्फोटकै कारणले घरहरू चिरिएको भन्न नसकिने उनले बताए ।

'बाम विस्फोटकै कारणले घरहरूमा क्षति पुगेको हो भने आयोजनाले केही न केही माध्यमबाट सम्बोधन गर्नुपर्छ', उनले भने, 'कुनै पनि कारणले त्यहाँका जनता त्रासित हुने, असहज वातावरण सिर्जना हुने र आफ्ना भौतिक सम्पत्ति गुमाउनु हुन्न भन्ने हाम्रो भनाई हो र आयोजनाले पनि त्यही आधारमा काम गर्नुपर्छ।'

विस्फोटका क्रममा हुने वायु प्रदुषण नियन्त्रणका लागि पटकपटक भनिएपनि आयोजनाको प्रयासमा आफुपनि सन्तुष्ट नभएको प्रजिअ अर्यालले बताए । उनले भने, 'आयोजनाबाट आउने धुलो धुवाले वातावरण प्रदुषण हुन नदिनका लागि हामी पनि प्रयात्नरत छौ ।'

यस्तै, बम विस्फोटले मात्रै नभई गत असोजमा परेको झरीका कारण पनि जमिन कमजोर भई भाँसिन पुगेको आयोजनाका प्रमुख राजाभाई शिल्पकारले बताए । उनले भने, 'हामीकहाँ घर चर्किएको समस्य लिएर आउनुभएकोमा स्थलगत अनुगमन गरी जिप्सन र पुटिङ लगाउने काम गरेका छौं । यसो गर्दापनि चर्कियो भने क्षतिपुर्तिको प्रक्रिया अगाडि बढाउने छौं ।'

हाल आयोजनाको ३ वटै प्याकेजमा काम भइरहेको छ । प्याकेज–१ अन्तरगत नदी फर्काउने बाँध निर्माण भइरहेको उनले बताए। उनका अनुसार एक हजार २ सय मिटर लामो रहेको नदी फर्काउने बाँधको एक हजार मिटर खनेर सक्किएको छ। प्याकेज–१ अन्तर्गतको काम सोङ्ग दा कर्पोरेसन, भियतनाम–कालिका कन्सट्रक्सन प्रालि, नेपाल जेभीसँग सम्झौता भएको हो । सो प्याकेज अन्तर्गत क्याम्प, कार्यालय भवन, मोवाइल प्लान्ट निर्माण, नदी फर्काउने बाँध निर्माण लगायतका कामहरू छन् ।

यस्तै, प्याकेज–२ अन्तर्गत सिनो हाइड्रोले भूमिगत कामहरू गरिरहेको छ । यस अन्तर्गत पानीको मुख्य टनेल खन्न बाँकी रहेको छ । '१ हजार ४५४ मिटर लामो रहने मुख्य टनेलमा अब ७ सय मिटरको हाराहारीमा खन्न बाँकी रहेको छ', उनले भने, 'पावर हाउस खन्ने र अन्य स–साना टनेल खन्ने काम भने सक्किएको छ । पावर हाउस निर्माण पनि सुरू गरिएको छ ।'

पावर हाउसको कामलाई पनि तिव्रता दिइएको उनले बताए । अन्डरग्राउन्डमा लम्बाई ८९ मिटर, उच्चाई ४५ मिटर र चौडाई २२ मिटर क्षेत्रफलमा पावर हाउस, ७०/७० मेगावट क्षमताका दुई वटा टरवाइन, कर्मचारी कार्यालय, २ वटा ट्रन्सफर्मर लगायतका उपकरणहरू राख्नका लागि काम भइरहेको छ ।

उक्त प्याकेज अन्तर्गत केवल सुरूङ, मुख्य प्रवेश सुरूङ, ट्रयाल ट्यांक (पानी निस्कने) र दुई वटा वार्क सुरूङ गरी ५ वटा सुरूङ खनिएको छ । उक्त सुरूङको लम्बाई क्रमशः १८५ मिटर, २१९ मिटर, ३०० मिटर, ५३७ र २१७ मिटर रहेका छन् ।

त्यस्तै, प्याकेज–३ अन्तर्गतको प्रशारण लाइन निर्माणको काम पनि भइरहेको उनले बताए । उनले भने, '९४ वटा फाउण्डेसन निर्माण गर्नुपर्नेमा हालसम्म ४९ वटा टावरका फाउण्डेसन बनिसकेका छन् । साथै २९ वटा टावर जडानको काम पनि सकिएको छ ।'

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले ८ करोड ६० लाख अमेरिकी डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।

आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुर्‍याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter

**जिवन के.सी**



twitter.com/KcJivan1

सम्बन्ध दोहोरो हुन्छ लेनदेन मिलाउने हो भने सम्बन्ध बनिरहन्छ, लेनदेनमा सहमत नहुने हो भने सम्बन्ध टुट्ने हो । 'लेनदेन' लाई आर्थिकसंग मात्र सम्बन्धित भनि बुझिनुहुँदैन। तपाई टुटेपछिका सम्बन्धलाई आफ्नो अनुकूल बुझ्नुहुन्छ। बुझ्न पाउनु पनि पर्छ । मात्र अर्कोलाई 'अपमान' नगरिदिए पुग्छ ।

**निलम्बर आचार्य**



twitter.com/nilacharya

हामीकहाँ असल मानिसहरूको कमी छैन तर तिनीहरूले असल मानिस प्रायः चुन्दैनन् किन? खोजीको विषय छ। कैयौं असल मानिसहरु पनि हल्ला हल्लामै वाहियात हल्ला दोहोर्‍याई रहेका हुन्छन् किन? खोजीको विषय छ

**जिशन मयल**



twitter.com/Jisanmayal

सधै आफुलाई हरेक कुराको लागि दोषी बनाउन छोड्नु होस् । व्यक्ति अनुरूप व्यक्तिहरूका सोच फरक फरक हुन्छन् । आफ्नो लागि आफु श्रेष्ठ हुनुपर्छ । पहेलो बेसारलाई त मान्छे गुण दोष केलाउन थाल्छन्।

**राजा राम दंगाली**



twitter.com/rcapitalrchy

जहाँ पुण्य आत्मा हरू हुन्छन् त्यहा स्वर्ग हुन्छ भने जहाँ पापी आत्माहरू हुन्छन् त्यहाँ नर्क हुन्छ जस्तो कि तपाईले हिटलरलाई स्वर्गमा राख्नु भयो भने उसले त्यहां पनि नर्क बनाउँछ तर गौतम बुद्ध लाई नर्कमा राख्नु भयो भने बुद्धले नर्क लाई पनि स्वर्ग बनाउनु हुनेछ..!!

## भानुको वडा-वडामा .............

जोड दिनु पर्ने, उत्पादनमा आधारित अनुदान बढाउनु पर्ने, कच्ची सडकको स्तरोन्नती गर्न ध्यान दिनु पर्ने, वृहत खानेपानी योजना संचालन गर्नु पर्ने, स्वस्थ्य ईकाइहरूमा औषधीको अभाव हुन नहुने लगायतका सुझाव दिएका थिए ।

यस्तै, सहभागिहरूले सामुदायीक विद्यालयलाई गुणस्तरीय बनाउन सरोकारवाला सबैले ध्यान दिनु पर्ने, विद्यालय खाजा कार्यक्रममा थप बजेटको ब्यवस्था गर्नुपर्ने, ठेकेदारले योजनाको काममा ढिलासुस्ती गरेको गुनासो गरेका छन् ।

सार्वजनिक सुनुवाईमा फोहोर ब्यवस्थापनमा जोड दिनु पर्ने, महिलाहरूको आय आर्जन र खेलकूद गतिविधिमा ध्यान दिनु पर्ने, डुम्रे–भन्सार नयाँ शहर आयोजनाको केन्द्र रहे पनि हुनु पर्ने बिकास नभएको, एकीकृत बस्ति बिकास कार्यक्रमको योजना तत्काल अगाडि बढाउनु पर्ने, नगरपालिका र वडाको आफ्नै भवन बनाउन जोड दिनुपर्ने, उद्योग स्थापनामा हातेमालो गर्नुपर्ने, स्वरोजगार मूलक कार्यक्रम संचालन गर्नु पर्ने, समग्र पालिकालाई नमुना पालिकाको रूपमा विकास गर्नु पर्ने लगायतका सहभागीले सुझाव दिएका छन् । उक्त कार्यक्रममा नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठी, उप–प्रमुख उमा गोतामे, वडा अध्यक्ष कान्छीमायाँ तामाङले सहभागीहरूको जिज्ञासा सहजिकरण गरेका थिए।

## बुद्धसिंह मोटर मार्ग र ........

मुख्यमन्त्री अधिकारीले भने, 'पार्टीलाई एकताबद्ध भएर अगाडि बढाऔं, एमाले लोकप्रिय पार्टी हो।'

कार्यक्रममा नेकपा (एमाले) जिल्ला कमिटी अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, गण्डकी प्रदेशसभा सदस्य श्यामराजा महत, एमाले केन्द्रीय सल्लाहकार सदस्य एकबहादुर रानालगायतको उपस्थिति थियो ।

**महोत्सव सम्पन्न**

तनहुँको दमौलीमा गत पौष २२ गते शुक्रबारदेखि सुरू भएको पाँचौ आदिवासी जनजाती तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सव बुधबार सम्पन्न गरिएको छ । महोत्सवको बुधबार गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले समापन गरेका हुन् ।

'अमुल्य भाषा संस्कृतिको संरक्षण गरौ, भाषा संस्कृतिको जगेर्ना गर्दै पर्यटनको विकास गरौं भन्ने मूल नाराका साथ आयोजित महोत्सवको अन्तिम दिन १० हजार दर्शकले महोत्सव अवलोकन र ८ लाखको कारोबार भएको महोत्सवका प्रवक्ता नन्दु थापा मगरले जानकारी दिए ।

त्यस्तै महोत्सवको अन्तिम दिनसम्म कुल १ लाख ५२ दर्शकले महोत्सव अवलोकन र १ करोड ५० को कारोबार भएको प्रवक्ता मगरले बताए । महोत्सवको अन्तिम दिन बुधबार राष्ट्रिय गायक गायिकाको प्रस्तुति रहेको थियो ।

नेपाल आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद तनहुँको आयोजनामा भएको महोत्सवको अन्तिम दिन बुधबार गायिका चिना थापा र न्यापर मिस्टर डि को प्रस्तुती रहेको थियो । पौष २२ गते शुक्रबारदेखि व्यास–३ दमौली स्थित विपी वनवाटिकाको खेल मैदानमा सुरू भएको महोत्सव माघ ४ गते बुधबारसम्म संचालन भएको हो । महोत्सवमा २३० वटा स्टल निर्माण गरिएको थियो ।

महोत्सवले पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको अध्यक्ष सुजित हिराचनले बताए । महोत्सवमा दर्शकलाई मनोरञ्जन दिनको लागि राष्ट्रिय स्तरका ख्याति प्राप्त कलाकारहरू ल्याइएको महोत्सवकी निर्देशक बसुन्धरा घर्तीले बताइन्।

त्यसैगरी महोत्सवको कृषि प्रदर्शनीमा स्थानीय उत्पादनलाई प्राथमिकता दिइएको आयोजकले जनाएको छ । स्टलमा घरेलु तथा हस्तकला, होटेल तथा रेस्टुरेन्ट, डेरी, आइटि इलेक्टिकल्स, बैक तथा वित्तिय संस्था, आइसक्रीम स्टल, अटोमोवाइल्स स्थानीय उत्पादन प्रदर्शन तथा विक्रि स्थल लगायतका स्टलहरू राखिएको घर्तीले बताइन ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४